**२०८१ साल बैशाख १२, बुधवार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन् -**

१. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय** : प्रदेश सरकार (कार्यविभाजन नियमावली), २०७९ को अनुसूची १ र २ हेरफेर गर्ने ।

२. **आर्थिक मामिला तथा योजना मन्त्रालय** : प्रदेश गौरबका आयोजनामा बजेट व्यवस्था गर्न नेपाल सरकारसँग अनुरोध गर्ने र आयोजना व्यवस्थापन सम्बन्धी कार्य स्वीकृत गर्ने ।

३. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय** : अस्थायी दरबन्दी र जनशक्ति व्यवस्थापन ।

४. प्रदेशका केही स्थानमा मौसमजन्य आगलागी एवं डढेलो रोकथाम गर्न तथा प्रभावितलाई उद्धार गर्न र उक्त विपदजन्य घटनाबाट पिडित परिवारलाई प्रदेशको मापदण्ड बमोजिम राहत सहायता उपलब्ध गराउन आन्तरिक मामिला तथा कानून मन्त्रालयले प्राथमिकता दिइ समन्वय गर्ने ।

५. महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयमा अर्को व्यवस्था नभएसम्म बरिष्ठ उपसचिव श्री शारदा बस्याल बेल्बासेलाई आर्थिक अधिकार सहित निमित्त सचिवको जिम्मेवारी तोक्ने ।

६. पुनर्गठित प्रदेश सरकारका मन्त्रालयले कार्य जिम्मेवारी हेरफेर भएबमोजिम सम्पत्ति, दायित्व र जनशक्ति आदि सम्वन्धित मन्त्रालयहरुका बीचमा समन्वय गर्ने ।